# जलवायु वित्त सम्बन्धी शब्दावली

नेपाली भावार्थ




नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# जलवायु वित्त सम्बन्धी शब्दावली

नेपाली भावार्थ

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

**जलवायु वित्त सम्बन्धी शब्दावली**
**(नेपाली भावार्थ)**

**प्रकाशन मिति** : २०१७

**सर्वाधिकार** © अर्थ मन्त्रालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम

**प्रकाशक** : नेपाल सरकार, अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा

**प्राविधिक सम्पादन** : प्रकृति रिसोर्सेस सेन्टर

**वेवसाइटः** www.mof.gov.np/ieccd/

GoN/MoF/IECCD. 2017: Climate Finance Glossary-Nepali Version. Ministry of Finance, International Economic Cooperation Coordination Division, Kathmandu, Nepal

**सर्वाधिकार सुरक्षित** : यस प्रकाशनका कुनै पनि अंश अर्थ मन्त्रालय तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको अनुमतिबिना विद्युतिय, यान्त्रिक, प्रतिलिपि, रेकर्ड वा अन्य कुनै माध्यमद्वारा पुनरूत्पादन गर्न, भण्डारण गर्न वा प्रसार गर्न पाइने छैन ।

**सहयोग** :

Supported by: Federal Ministry for the Environment, Nature Conservation, Building and Nuclear Safety
based on a decision of the German Bundestag

UN environment
United Nations Environment Programme

UNDP
Empowered lives. Resilient nations.

Government of Nepal
MINISTRY OF FINANCE
(International Economic Cooperation Coordination Division)
SINGHADURBAR
KATHMANDU, NEPAL

# भूमिका

नेपालमा जलवायु परिवर्तन संकटासन्नता समुचित रूपमा अभिलेखीकरण गरिदै आएको छ । कृषि, वन, स्वास्थ्य, पूर्वाधार, जलविद्युत् लगायतका क्षेत्र जलवायु परिवर्तनले बढी प्रभावित देखिन्छन् । तापक्रम वृद्धि, जलवायु परिवर्तनशीलता र बढ्दो जलवायुजन्य प्रकोपको पुनरावृत्तिले समुदायहरूमा जोखिम मात्र बढिरहेको नभई देशलाई गम्भीर आर्थिक क्षति पनि पुगिरहेको छ । जलवायु वित्तसँगको बढ्दो पहुँचसँगै द्विपक्षीय र बहुपक्षीय निकायहरूसँग सम्बन्ध स्थापित गर्दै नेपालले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि अन्तर्गतका वित्तीय संयन्त्रहरूसँग पनि सम्बन्धन स्थापित गर्दै आएको छ । तिनै संयन्त्र मध्येको एउटा संयन्त्र हो, हरित जलवायु कोष (Green Climate Fund) । यस कोषको उद्देश्य जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिले तय गरेको महत्वकांक्षी उद्देश्यका न्यून कार्बन उत्सर्जन तथा जलवायु समानुकूलन विकास कार्यमा लगानी गर्नु हो ।

नेपाल सरकार गम्भीरताका साथ जलवायु परिवर्तन तथा जलवायु वित्तलाई राष्ट्रिय योजना तथा बजेट निर्धारण प्रक्रियामा समाहित गर्न लागिपरेको छ । सन् २०१२/१३ को वार्षिक बजेटबाट 'जलवायु बजेट कोड' लाई उल्लेख गरी सार्वजनिक कार्यक्रमहरूमा विनियोजन गरिएको जलवायु बजेट 'ट्रयाकिङ' थालिएको छ । सन् २०१५ मा अर्थ मन्त्रालय, हरित जलवायु कोषको राष्ट्रिय निकाय (NDA) का रूपमा नियुक्त भई कोष र राष्ट्रिय सरोकारवाला निकायहरूसँग समन्वय गरी विविध क्षेत्रलाई आर्थिक स्रोतमा पहुँच पुर्‍याउन सहजीकरण गरिरहेको छ । विश्व जलवायु वित्त, नयाँ संरचना र हरित जलवायु कोष उन्मुख भइरहेको छ । हरित जलवायु कोषमा पहुँच स्थापित गर्न प्राविधिक शब्दावली र प्रक्रिया तथा प्रावधानप्रति सरोकारवालाहरूलाई अझ सहजताका साथ बुझाउनु पर्ने आवश्यकता देखिन्छ ।

तसर्थ, जलवायुको बुझाइलाई अझ फराकिलो र सहज बनाउने हाम्रो निरन्तरको प्रयासमा जलवायुका क्षेत्रमा प्रयोग हुने प्राविधिक तथा विशिष्टकृत शब्दावली संकलित यस 'जलवायु वित्त शब्दावली' प्रस्तुत गर्न पाउँदा अर्थ मन्त्रालय आभार प्रकट गर्दछ । यस शब्दावलीले प्रायः प्रयोगमा आइरहने मुख्य शब्दहरूलाई समावेश गरेको छ । यस शब्दावलीलाई हरसम्भव सहज बनाउने प्रयास गरिएको छ । यस सम्बन्धमा प्राप्त हुने सल्लाह, सुझावलाई हृदयंगम गरी आगामी दिनमा सुधार गर्दै लगिनेछ ।

जर्मन सरकारको वातावरण, प्रकृति संरक्षण, निर्माण तथा आणविक सुरक्षा मन्त्रालय (BMUB) लाई आर्थिक सहयोगको लागि विषेश धन्यवाद दिन चाहन्छु । साथै, हरित जलवायु कोष तयारी कार्यक्रम अन्तर्गत संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) र संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (युएनइपी) को प्राविधिक सहयोग तथा शब्दावली तयार गर्ने काममा सलंग्न सबैलाई धन्यवाद दिन चाहन्छु ।

वैकुण्ठ अर्याल
सह-सचिव

Tel: Minister 4211809, Secretary 4211332, IECCD 4211371, 4211867
Fax No. 4211164, 4211165, Website:www.mof.gov.np

# परिचय

जलवायु परिवर्तन वर्तमान समयको एउटा चुनौतीपूर्ण समस्या हो । यसका प्रभावहरू व्यापक छन् र सबै देशले यसको परिणामहरू भोगिरहेका छन् । नेपाल जस्तो अतिकम विकसित देशहरू यसबाट सबैभन्दा बढी प्रभावित छन् । यी देशहरू जलवायु परिवर्तनका लागि कम जिम्मेवार छन् साथै यी राष्ट्रहरूको जलवायु परिवर्तनका प्रभावहरूको प्रतिक्रिया गर्ने क्षमता पनि कम छ । साथै, जलवायु परिवर्तनका कारणले आर्थिक सुरक्षा, मानव विकास, सामाजिक न्यायलगायतका क्षेत्र जोखिमपूर्ण बन्दै गएका छन् ।

नेपाल सरकार जलवायु परिवर्तनले निम्त्याएका समस्या सम्बोधन गर्न प्रतिबद्ध हुँदै जलवायु परिवर्तनले निम्त्याएका समस्याहरूसँग जुध्न अनुकूलन तथा न्यूनीकरणका धेरै कार्यहरूलाई अघि बढाइसकेको छ । जलवायु वित्त (Climate Finance) न्यून कार्बन विकास मार्गहरू सुनिश्चित गर्न र जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई अनुकूलन गरी जलवायु परिवर्तनलाई सम्बोधन गर्न अझ महत्वपूर्ण बनेको छ ।

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिले विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा जलवायु-लगानी स्थानान्तरण गर्न विभिन्न कोषहरू खडा गरेको छ । सन् २००९ मा विकसित मुलकहरूको समूहले विकासोन्मुख मुलुकलाई सन् २०२० देखि हरेक वर्ष १०० अर्ब अमेरिकी डलर प्रदान गर्ने प्रतिबद्धता गरेका थिए । जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि अन्तर्गत हरित जलवायु कोष (Green Climate Fund -GCF) स्थापना गरिएको छ, जुन विकासोन्मुख मुलुकहरूमा जलवायु परिवर्तनका क्रियाकलापलाई सघाउ पुऱ्याउन खडा गरिएको सबैभन्दा ठूलो कोष हो ।

नेपाल सरकारले सन् २०१५ मा अर्थ मन्त्रालयलाई हरित जलवायु कोष (GCF) को राष्ट्रिय निकाय (NDA) को जिम्मेवारी दिएको छ । यसको भूमिका सम्बद्ध देश र हरित जलवायु कोषसँग सहजीकरण गर्दै कोषको वित्तीय पहुँचमा विभिन्न निकायहरूसँग संयोजनकारी भूमिका निर्वाह गर्नु हो । साथै, केन्द्रीय निकायलाई हरित जलवायु कोषका प्रक्रियाबारे अवगत गराउँदै सरोकारवाला निकायलाई नेतृत्वदायी भूमिकाको अधिकार पनि दिइएको छ । राष्ट्रिय निकायले सरकार र अन्य सरोकारवाला निकायहरूसँग जलवायु वित्तका विविध आयाममाथि छलफल तथा बहस संचालन गर्छ ।

जलवायु परिवर्तनका विषयमा हुने छलफल र बहसका क्रममा प्राविधिक शब्दावली तथा संक्षिप्त शब्दहरूको अत्यधिक प्रयोग भइरहेको हुन्छ जसले गर्दा कतिपयलाई यस सम्बद्ध छलफल बुझ्न कठिन भइरहेको हुन्छ । जलवायु परिवर्तन सम्बन्धी बहस र छलफललाई प्रभावकारी बनाउन यस विषयसँग सम्बन्धित प्राविधिक शब्दावली तथा संक्षिप्त शब्दको ज्ञान सम्बध सबै पक्षहरूलाई अत्यावश्यक हुने भएकाले जलवायु परिवर्तनसँग सरोकार राख्ने सबै पक्षहरूलाई यस सम्बन्धी विषय छर्लङ्ग होस् भन्ने हेतुले यो प्राविधिक शब्दावलीको अर्थसहितको सूची तयार पारिएको हो । यस विषयमा थप जानकारी आवश्यक भएमा www.greenclimate.fund मा हेर्न सक्नुहुनेछ ।

# A

## पहुँच प्रक्रिया (Access modality)

राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय इकाईहरूले निर्धारित पहुँचका प्रक्रिया अपनाएर हरित जलवायु कोषमा पहुँच विस्तार गर्न सक्नेछन् । यसका लागि दुईवटा प्रारूप निर्धारण गरिएको छः 'प्रत्यक्ष पहुँच' र 'अन्तर्राष्ट्रिय पहुँच' । 'प्रत्यक्ष पहुँच' अन्तर्गत राष्ट्रिय संस्थाहरू हरित जलवायु कोषसँग पहुँच विस्तार गर्न सक्नेछन् भने 'अन्तर्राष्ट्रिय पहुँच' अन्तर्गत अन्तर्राष्ट्रिय तथा बहुपक्षीय संस्थाहरू पर्छन् ।

## सम्बन्धन (Accreditation)

हरित जलवायु कोषमा पहुँच स्थापित गर्नका लागि सबै इकाईले कोषसँग सम्बन्धन प्राप्त गर्नु आवश्यक छ । सम्बन्धन एउटा प्रक्रिया हो जसमा प्रत्येक इकाई/संस्थाले हरित जलवायु कोषले प्रदान गर्ने स्रोतलाई निर्धारित स्तर तथा मापदण्ड अनुसार कार्य गर्न सक्ने विश्वास दिलाउनु आवश्यक हुन्छ । कुनै पनि इकाई/संस्थाले सम्बन्धन प्राप्त गर्नका लागि वित्तीय मापदण्ड, वातावरणीय तथा सामाजिक सुरक्षा र लैंगिक नीति गरी तीन मापदण्ड निर्धारण गरिएका छन् ।

## सम्बन्धन सम्झौता (Accreditation Master Agreement)

यो एउटा कानुनी करारको दस्तावेज हो । यसमा सम्बन्धन प्राप्त निकाय र हरित जलवायु कोषबीच हस्ताक्षर गरिएको हुन्छ । यस करारनामामा सम्बन्धन प्राप्त निकायले हरित जलवायु कोषका स्रोत परिचालन गर्न पालना गर्नु पर्ने निश्चित शर्त तथा नियम उल्लेख गरिएको हुन्छ । कोषको सहयोगमा सञ्चालित आयोजना तथा कार्यक्रम सञ्चालनका प्रक्रियाहरूमा सम्बन्धन प्राप्त इकाईलाई जिम्मेवार बनाउने शर्तहरू पनि यस करारनामामा समावेश हुन्छ । यो सम्बन्धन प्रक्रियाको अन्तिम चरण हो ।

## सम्बन्धन समिति (Accreditation Panel)

हरित जलवायु कोषको बोर्डले गठन गरेको यस सम्बन्धन समिति स्वतन्त्र प्राविधिक समिति हो । यस समितिले सम्बन्धन आवेदनकर्ता इकाई निर्धारित मापदण्ड अनुसार प्रस्तुत भएको छ/छैन मूल्यांकन गर्नुका साथै बोर्डलाई आवेदनकर्ताको सम्बन्धनसँग सम्बन्धित विषयहरूमा आवश्यक सुझाव दिन्छ । सन्तुलित प्रतिनिधित्वको आधारमा यस समितिमा विकसित तथा विकासशील राष्ट्रका ६ जना विज्ञ सदस्यका रूपमा रहेका हुन्छन् ।

## सम्बन्धन प्राप्त इकाई (Accredited Entity)

सम्बन्धन प्राप्त इकाई राष्ट्रिय, क्षेत्रीय वा बहुपक्षीय संस्था हुन सक्छन् । जसले हरित जलवायु कोषले निर्धारण गरेको मापदण्ड पूरा गरी सम्बन्धन हासिल गरेका हुन्छन् । सम्बन्धन प्राप्त गर्ने यस्ता संस्थाहरू निजी, सार्वजनिक, गैरसरकारी, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय जुनै पनि हुन सक्छन् । तिनले हरित जलवायु कोषको सहयोगमा सञ्चालन हुने आयोजना/कार्यक्रमको लागि प्रस्ताव पेस गर्न सक्नेछन् । साथै, सम्बन्धन प्राप्त संस्थाले मात्र आयोजना/कार्यक्रमको व्यवस्थापन गर्न पाउनेछन् । सन् २०१७ सम्ममा ४८ वटा इकाईले हरित जलवायु कोषबाट सम्बन्धन प्राप्त गरिसकेका छन्, जसमा २५ बहुपक्षीय, ९ क्षेत्रीय र १४ राष्ट्रिय इकाई छन् ।

## अनुकूलन (Adaptation)

अनुकूलन भन्नाले पर्यावरणीय, सामाजिक तथा आर्थिक प्रणालीसँग समायोजन भन्ने बुझिन्छ । अनुकूलनले मानव समुदाय तथा पारिस्थितिकीय प्रणालीलाई समानुकूलन बनाउन भूमिका निर्वाह गर्छ । साथै, यसले जलवायु परिवर्तनका कारण हुने सम्भावित क्षति न्यूनीकरण गर्न र प्राप्त अवसरहरू उपयोग गर्ने अवसर प्रदान गर्दछ ।

## अनुकूलन कोष (Adaptation Fund)

सन् २००१ मा क्योटो अभिसन्धि अन्तर्गत अनुकूलन कोषको स्थापना भएको हो । यस कोषले जलवायु परिवर्तनको प्रतिकूल प्रभाव परेका विकासशील मुलुकमा अनुकूलन आयोजना तथा कार्यक्रमलाई आर्थिक सहयोग गर्दछ । कोषको आम्दानी स्वच्छ विकास संयन्त्र (सिडिएम) का आयोजना क्रियाकलाप (उत्सर्जन प्रमाणित प्रमाणपत्रमा २ प्रतिशत लेबी) हो भने अन्य स्रोतबाट पनि कोषका लागि बजेट जुटाइन्छ । यस कोषको सुवेरिपेक्षण तथा व्यवस्थापन अनुकूलन कोष बोर्डले गर्दछ । विश्वव्यापी वातारवरणीय सहुलियत (Global Environment Facility- GEF) ले कोषलाई सचिवालय उपलब्ध गराएको छ । सन् २०१७ सम्ममा अनुकूलन कोषमा ३ सय ५८ मिलियन अमेरिकी डलर संकलन भइसकेको छ । नेपालले अनुकूलन कोषबाट विश्व खाद्य कार्यक्रमको खाद्य सुरक्षा कार्यक्रमका लागि ९.५ मिलियन डलर प्राप्त गरिसकेको छ ।

## अनुकूलन कोष बोर्ड (Adaptation Fund Board)

अनुकूलन कोष बोर्ड (AFB) एउटा सञ्चालन इकाई हो, जसले क्योटो अभिसन्धि अनुसार समूहहरूको बैठकले प्रदान गरेको अधिकार र निर्देशन अन्तर्गत रही अनुकूलन कोषको

सुपरिवेक्षण तथा व्यवस्थापन गर्छ । बोर्डमा १६ सदस्य तथा १६ वैकल्पिक सदस्य रहने व्यवस्था छ । सन् २०१६-२०१७ मा अनुकूलन बोर्डको अध्यक्षता नेपालले गरेको थियो ।

### परिच्छेद १ समूह (Annex I Parties)

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि अन्तर्गतको परिच्छेद १ मा औद्योगिक राष्ट्र सूचीकृत छन् जसले सन् २००० सम्म हरित गृह ग्याँस उत्सर्जन कम गरी सन् १९९० को स्तरमा पुऱ्याउने प्रतिबद्धता गरेका थिए । यस अन्तर्गतका कतिपय राष्ट्रले सन् २००८ देखि २०१२ सम्म क्योटो अभिसन्धि अनुसार कार्बन उत्सर्जन कटौती लक्ष्यलाई स्वीकार गरेका थिए ।

### परिच्छेद २ समूह (Annex II Parties)

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि अन्तर्गतको परिच्छेद २ मा विकासशील राष्ट्र सूचीकृत छन् जसको वित्तीय स्रोत र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्ने प्रतिबद्धता गरेका छन् । यस समूहमा युरोपियन युनियन र ओइसिडी (OECD) का २४ सदस्य राष्ट्र सम्मिलित छन् ।

## B

### सम्मिश्रण (Blending)

हरित जलवायु कोषबाट उपलब्ध सहयोगमा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतबाट सोही कार्यका लागि भएको सहयोग संयोजनलाई सम्मिश्रण भनिन्छ । उदाहरणका लागि, सम्बन्धन प्राप्त कुनै इकाईले हरित जलवायु कोषमा रकमको माग गर्न सक्नुका साथै विश्व बैंक र एसियाली विकास बैंक जस्ता निकायबाट समेत उक्त कार्यक्रमका लागि थप स्रोत प्राप्त गर्न सक्दछ ।

## C

### कार्बन वित्त (Carbon Finance)

कार्बन वित्त, विकासशील मुलुकहरूलाई हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण आयोजनाहरूमा लगानी गर्न ओइसिडी मुलुक (OECD Countries) हरूले खडा गरेको एउटा संयन्त्र हो । यस संयन्त्र अन्तर्गत उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरूलाई लगानी उपलब्ध गराउन योगदानकर्ताको मातहतमा कार्बन वित्तमार्फत करोबार गरिन्छ । यो क्योटो अभिसन्धिको स्वच्छ विकास संयन्त्र वा संयुक्त कार्यान्वयनका खाका अन्तर्गत सञ्चालित हुन्छ ।

## कार्बन कर (Carbon Tax)

यो कार्बन कर खनिज इन्धनमा लगाइन्छ । यो करको उद्देश्य कार्बनडाइअक्साइड उत्सर्जन गर्ने सवारी साधन र अन्य स्रोतमा कमि ल्याई स्वच्छ ऊर्जाको विकास गर्नु हो । यो कर क्रमिक रूपमा हवाई जहाज तथा पानी जहाजमा पनि लगाइँदै छ । नेपालले पनि प्रदूषण करका रूपमा पेट्रोलियम पदार्थहरूबाट प्रतिलिटर ५० पैसा प्रदूषण नियन्त्रण शुल्क लिने गरेको छ ।

## उत्सर्जन प्रमाणीकरण पत्र (Certified Emission Reduction)

स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism) अन्तर्गत न्यून-उत्सर्जन प्रमाणीकरण प्रमाणपत्र जारी गरिन्छ । एक न्यून-उत्सर्जन प्रमाणीकरण, एक मेट्रिक टन कार्बनडाइअक्साइड बराबरको हुन्छ । यसलाई कार्बन बजारमा कारोबार गराउन सकिन्छ र विकसित राष्ट्रहरूले कार्बन न्यून-उत्सर्जन प्रतिबद्धताका लागि यस प्रमाणीकरण पत्रको प्रयोग गर्न सक्छन् ।

## स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism)

स्वच्छ विकास संयन्त्र क्योटो अभिसन्धि अन्तर्गत गठन भएको संयन्त्र हो । यस संयन्त्र अन्तर्गत विकसित मुलुकले विकासशील मुलुकहरूमा हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण वा स्थगन योजनामा लगानी गर्नेछन् । यसबापत विकसित मुलुकहरूले कार्बन क्रेडिट पाउने छन् । जुन उनीहरूले आफ्नो बाध्यात्मक कार्बन उत्सर्जन घटाउने विकल्पमा प्रयोग गर्न सक्दछन् ।

## जलवायु परिवर्तन (Climate Change)

जलवायु परिवर्तनले सामान्यतया ३० वर्षको मौसम परिवर्तन र प्राकृतिक जलवायु परिवर्तनको तुलनात्मक समीक्षा गर्दा आउने परिवर्तनलाई जनाउँछ । जलवायु परिवर्तनको कारक प्रत्यक्ष वा अप्रत्यक्ष मानवीय क्रियाकलापहरू हुन्, जसले विश्व वातावरणीय संरचनामा नै फेरबदल ल्याउँछ । मानवीय क्रियाकलापहरूले गर्दा अत्यधिक हरितगृह ग्याँस उत्सर्जन भइरहेको छ, जसले विश्व वायुमण्डलमा परिवर्तन गरिरहेको छ ।

## जलवायु परिवर्तन बजेट कोड (Climate Change Budget Code)

जलवायु परिवर्तन बजेट कोड जलवायु परिवर्तनका विषय (अनुकूलन र न्यूनीकरण)लाई राष्ट्रिय बजेटमा छुट्याउनका लागि प्रयोग गरिन्छ । यो जलवायु परिवर्तनका विषयलाई

उच्च सान्दर्भिक (Highly Relevant), सान्दर्भिक (Relevant), तटस्थ (Neutral) गरी तीन वर्गमा विभाजन गरिएको छ । यसले जलवायु वित्तको मात्रा (Volume) र प्रकृति (Nature) को पहिचानमा सघाउ पुऱ्याउँछ र जलवायुसँग सम्बन्धित जोखिमपूर्ण क्षेत्रका विकास लगानीलाई सहजीकरण गर्छ । नेपाल सरकारले सन् २०१३/१४ देखि राष्ट्रिय बजेटमा जलवायु परिवर्तन बजेट कोडको प्रयोग थालनी गरेको हो ।

## जलवायु परिवर्तन परिषद् (Climate Change Council)

जलवायु परिवर्तन परिषद् नेपालमा जलवायु परिवर्तनका नीति निर्धारण र कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशन, सहजीकरण तथा समन्वय गर्ने उच्च सरकारी निकाय हो । सन् २००९ मा गठित यस परिषद्को अध्यक्षता प्रधानमन्त्रीले गर्ने प्रावधान छ । यस परिषद्मा क्षेत्रगत मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र आठ जाना विषय विज्ञहरू सदस्य रहने प्रावधान छ । यस परिषद्को सचिवालय जनसंख्या तथा वातावरण मन्त्रालयमा रहेको छ ।

## जलवायु परिवर्तन व्यवस्थापन महाशाखा (Climate Change Management Division)

जलवायु परिवर्तन व्यवस्थापन महाशाखा नेपाल सरकारको जनसंख्या तथा वातावरण मन्त्रालय अन्तर्गत काम गर्ने प्रशासनिक इकाई हो । यसले देशभित्र जलवायु परिवर्तन सम्बन्धी समन्वय र व्यवस्थापनको भूमिका निर्वाह गर्दछ । यो महाशाखाले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि र जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी मञ्च (Intergovernmental Panel on Climate Change) को केन्द्रीय निकाय (Focal Point) रूपमा पनि काम गर्दछ ।

## जलवायु परिवर्तन नीति (Climate Change Policy)

नेपाल सरकारको जलवायु परिवर्तन नीति सन् २०११ लाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको हो । यस नीतिको उद्देश्य जलवायु परिवर्तनले ल्याउने प्रतिकुल प्रभावलाई अनुकूलन र न्यूनीकरण गरी मानवीय जनजीविका सुधार गर्नुका साथै न्यून कार्बन उत्सर्जन गर्नुका साथै सामाजिक–आर्थिक विकासमार्फत जलवायु परिवर्तनमा विभिन्न राष्ट्रिय–अन्तर्राष्ट्रिय सहमतिको कार्यान्वयन गर्नु हो । यस नीतिका प्रमुख तत्व जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरण, न्यून कार्बन विकास र जलवायु समानुकूलन, वित्तीय स्रोत तथा उपयोगमा पहुँच, क्षमता अभिवृद्धि, जनसहभागिता र सशक्तीकरण, अध्ययन तथा अनुसन्धान, प्राविधिक विकास, स्थानान्तरण र उपयोग, तथा जलवायुमैत्री प्राकृतिक स्रोत व्यवस्थापन रहेका छन् ।

## जलवायु वित्त (Climate Finance)

जलवायु परिवर्तनका असरहरूलाई सम्बोधन गर्न विकसित मुलुकबाट विकासशील मुलुकहरूमा प्रवाह हुने वित्तलाई जलवायु वित्त भनिन्छ । यसले विकासशील मुलुकहरूमा जलवायु परिवर्तनका प्रभावहरूलाई न्यूनीकरण र अनुकूलन गर्न विकसित मुलुकबाट सार्वजनिक, निजी वा वैकल्पिक स्रोतका माध्यम परिचालन गरिएका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तलाई जनाउँछ । विकासशील मुलुकहरूले उपलब्ध कोषलाई न्यून कार्बन र जलवायु परिवर्तनका समानुकूलन निर्माण गर्न सुनिश्चित गर्छन् । हाल जलवायु वित्तमार्फत धनी विकासशील मुलुकहरूबाट गरिब विकासशील मुलुकहरूलाई पनि सहयोग हुन थालेको छ ।

## जलवायु परिवर्तन प्राविधिक समिति (Climate Finance Technical Committee)

यस समितिको जिम्मेवारी हरित जलवायु कोषसँग सम्बन्धित विषयहरूमा अर्थ मन्त्रालयलाई सल्लाह प्रदान गर्नु हो । विशेषगरी राष्ट्रिय इकाईको उद्देश्य हरित जलवायु कोषसँगको सम्बन्धन प्रक्रिया र कार्यक्रम/आयोजना प्रस्ताव प्रस्तुति तथा समीक्षामा सुझाव दिनु हो । यसको अध्यक्षता अर्थ मन्त्रालय अन्तर्गतको अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका सह–सचिवले गर्ने व्यवस्था छ । यस समितिमा ७ जना सदस्य रहने प्रावधान छ ।

## जलवायु कोष (Climate Funds)

जलवायु परिवर्तनका असर सम्बोधन गर्न बहुपक्षीय, द्विपक्षीय र राष्ट्रिय स्तरमा छुट्ट्याइएको स्रोत नै जलवायु कोष हो । गरिब तथा जोखिममा परेका विकासशील मुलुकलाई सहयोग गर्न जलवायु परिवर्तनका लागि समर्पित हरित जलवायु कोष, अतिकम विकसित राष्ट्र कोष, अनुकुलन कोष जस्ता जलवायु लगानी कोष स्थापित छन् ।

## जलवायु लगानी कोष (Climate Investment Funds)

जलवायु लगानी कोष विकसित मुलुकहरूद्वारा स्थापित बहुदाता लगानी कोष हो । यस कोषको उद्देश्य विकासशील तथा मध्यमआय भएका देश, जसलाई स्रोतको तत्काल आवश्यकता पर्छ, तिनलाई जलवायु परिवर्तनका चुनौतीहरू व्यवस्थापन गर्न र हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणमा सहयोग गर्नु हो । विश्व बैंकले यस कोषको संरक्षकका (Trustee) रूपमा कार्य गर्दछ । यस कोष अन्तर्गत स्वच्छ प्राविधिक कोष (Clean Technology Fund) र रणनीतिक जलवायु कोष (Strategic Climate Fund) गरी दुई भिन्न कोष रहेका छन् ।

हाल नेपालमा सञ्चालित जलवायु परिवर्तन समानुकुलन नमुना आयोजना (Pilot Project for Climate Resilience) र नवीकरणीय ऊर्जा कार्यक्रम (Scaling Up Renewable Energy Programme) र वन लगानी कार्यक्रम (Forest Investment Program) रणनीतिक जलवायु कोष अन्तर्गत सञ्चालित छन् ।

## जलवायु सार्वजनिक खर्च तथा संस्थागत समीक्षा (Climate Public Expenditure and Institutional Review)

जलवायु सार्वजनिक खर्च तथा संस्थागत संरचनाको पुनरावलोकन समीक्षा जलवायुसँग सम्बन्धित खर्च राष्ट्रिय तथा उप-राष्ट्रिय बजेट प्रक्रियामा कसरी समावेश रहेको छ भन्ने समीक्षा गर्ने विधि हो । यसका तीन मुख्यः आधार छन्: १) नीति समीक्षा २) संस्थागत समीक्षा ३) जलवायु सार्वजनिक खर्च समीक्षा । यी समीक्षामार्फत राष्ट्रिय बजेटमा जलवायुसँग सम्बन्धित खर्चहरूलाई पहिचान र सम्बोधन गर्ने प्रयास गरिन्छ ।

## जलवायु प्रविधि कोष (Climate Technology Fund)

जलवायु प्राविधि कोष जलवायु लगानी कोष (CIF) अन्तर्गतको एउटा कोष हो । नवीकरणीय ऊर्जा, ऊर्जा प्रभावकारी र सम्भावनायुक्त स्वच्छ यातायात लगायतका माध्यमबाट विकासशील र मध्यम आय भएका मुलुकहरूमा दीर्घकालीन हरितगृह ग्याँस उत्सर्जन बचत गर्न यस कोषले न्यून कार्बन प्रविधिमा लगानी गर्ने गर्दछ ।

## सह–लगानी संयन्त्र (Co-Financing Mechanism)

सह-लगानी संयन्त्र अन्तर्गत बहुपक्षीय इकाई मार्फत एउटै आयोजनामा संयुक्त लगानी भएको हुन्छ । जलवायु सहलगानी अन्तर्गत विविध जलवायु आयोजनाहरूमा बहुपक्षीय विकास बैंकका साथै अन्य बाह्य इकाईले पनि लगानी गरेका हुन्छन् । यस संयन्त्रमा अन्य स्रोतका साथै सरकारी वा सरकार सम्बद्ध, निजी वा संरक्षकका रूपमा रहेका बहुपक्षीय विकास बैंकको संयोजकत्वमा अन्तर्राष्ट्रिय जलवायु कोषको पनि संलग्नता हुन सक्दछ ।

## अवधारण पत्र (Concept Note)

सम्बन्धन प्राप्त इकाईले हरित जलवायु कोषबाट सहयोग प्राप्त गर्नका लागि अवधारण–पत्र प्रस्तुत गर्नुपर्ने हुन्छ । यस पत्रमा आयोजना/कार्यक्रमको आधारभूत सूचना प्रस्तुत गर्नुपर्दछ । प्रस्तुत भएको अवधारणा–पत्र कोषको उद्देश्य र नीति अनुरूप भए–नभएको हेरेर प्रतिक्रियाका लागि प्रस्तुत गरिनेछ । प्राप्त प्रतिक्रियाहरूका आधारमा आयोजना/कार्यक्रमलाई परिमार्जन गरी पूर्ण प्रस्तावना तयार गरी लगानीका लागि हरित जलवायु कोषमा प्रस्तुत गरिनेछ ।

## सहुलियत ऋण (Concessional Loan)

सहुलियत ऋण निर्ब्याजी वा अत्यन्तै कम ब्याजमा उपलब्ध हुन्छ । साथै यस ऋणको पुनर्चुक्ता अवधि थप गर्न पनि सकिन्छ । हरित जलवायु कोषले गरिब तथा जलवायु जोखिम मुलुकहरूमा जलवायु कार्यक्रम सञ्चालन गरी दिगो विकास गर्न यस्तो ऋण उपलब्ध गराउने गर्छ ।

यसका शर्तहरू दुई प्रकारका छन् :

१. सहुलियत ऋण १ (पूर्ण सहुलियत) : यस्तो ऋणको ब्याजदर शून्य प्रतिशत हुन्छ र ऋणको भाका १५ देखि ४० वर्ष हुन्छ । साथै यस्तो ऋणको छुट अवधि ५ देखि १० वर्ष हुन्छ ।
२. सहुलियत ऋण २ (आंशिक सहुलियत) : यस्तो ऋणको ब्याजदर बेन्चमार्क लेन्डिङ (Benchmark rate of lending) मा (युरो : युरोपियन केन्द्रीय बैंक दर, अमेरिकी डलर : संयुक्त राज्य ट्रेजरी बोन्ड दर) आधारित हुन्छ । ऋणको अवधि ८ देखि १५ वर्ष हुन्छ । साथै ऋणको छुट अवधि २ देखि ४ वर्ष हुन्छ । दुवै ऋणका लागि सेवाशुल्क ०.७५ प्रतिशत तोकिएको छ ।

## शर्त (Conditionality)

हरित जलवायु कोषबाट वित्तीय सहयोग प्राप्त गर्नका लागि पालना गर्नुपर्ने निश्चित नीति-नियमलाई शर्त भनिन्छ । यस्ता शर्तमा सुरूवाती अवस्थादेखि नै निश्चित क्षेत्रमा सह–लगानी, खरिद प्रक्रियाको नमुना, सामाजिक तथा वातावरणीय प्रसंगका निश्चित मापदण्ड आदि समावेश हुन सक्छन् ।

## पक्ष राष्ट्रहरूको सम्मलेन (Conference of Parties)

पक्ष राष्ट्रहरूको सम्मेलन (COP) जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको सर्वोच्च निकाय हो, जुन निर्णय गर्ने उच्च निकायका रूपमा रहेका छ । जलवायु परिवर्तनका अन्तर्राष्ट्रिय प्रयासहरूलाई यस पक्ष राष्ट्रहरूको सम्मेलनले निगरानी गर्ने गर्छ । यसले समूहका प्रतिबद्धतालाई सम्मेलनको उद्देश्य अनुरूप भए-नभएको परीक्षण गर्ने, जलवायु परिवर्तनका नीतिका नयाँ वैज्ञानिक तथ्य तथा अनुभव तथा सम्मेलनका कार्यान्वयन पक्षलाई समीक्षा गर्ने गर्छ ।

## क्योटो अभिसन्धिका पक्षराष्ट्र समूहहरूको बैठक (Conference of Parties serving as the meeting of Parties to the Kyoto Protocol -CMP)

क्योटो अभिसन्धिका (Kyoto Protocol) का पक्षराष्ट्र समूहहरूको सम्मेलन (CMP) ले क्योटो अभिसन्धिको कार्यान्वयनका पक्षलाई निगरानी गर्ने गर्छ । पक्ष राष्ट्रहरूको सम्मेलन (COP) र क्योटो अभिसन्धिका पक्षराष्ट्र समूहहरूको सम्मेलन (CMP) को बैठक वार्षिक रूपमा एकै समयमा हुन्छ । क्योटो अभिसन्धिका सबै पक्ष राष्ट्रहरूको सम्मेलन (COP) मा प्रतिनिधित्व हुन्छ र सदस्य नभएका राष्ट्रहरू पर्यवेक्षकका रूपमा रहन्छन् ।

## कोपनहेगन सहमति (Copenhagen Accord)

कोपनहेगन सहमति विश्वका नेतृत्व तहद्वारा प्रतिबद्धता व्यक्त गरिएको एक राजनीतिक दस्तावेज हो । यस सहमति अनुसार सहभागी राष्ट्रहरूले हरित ग्याँस उत्सर्जनका लागि विशेष कार्यक्रम गर्ने प्रतिबद्धता गरेका हुन्छन् । यो सहमति सन् २००९ मा कोपनहेगनमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि अन्तर्गतको पक्षराष्ट्रहरूको सम्मेलन (COP) को १५ औं बैठकमा पारित भएको हो ।

# D

## निर्णय प्रक्रिया (Decision-making)

हरित जलवायु कोषले सहमतिय निर्णयलाई जोड दिने र सुनिश्चित गर्ने काम गर्छ । आधारभूत सिद्धान्त, जस्तै : समानता, सन्तुलित साझेदारी, एकल बोर्ड, तहगत बहुमत र प्रतिफलयुक्त योगदान लगायतका तत्व यसमा समावेश भएको हुन्छ । एक मतमा पुग्न गरिएका प्रयास विफल भएको अवस्थामा बोर्डले निर्णयका लागि मतदान लगायतको प्रक्रिया अपनाउँछ ।

## प्रत्यक्ष पहुँच (Direct Access)

यो संयन्त्र अन्तर्गत विकासशील मुलुकका सम्बन्धन प्राप्त राष्ट्रिय निकायले छनौट भएका आयोजना/कार्यक्रमका लागि हरित जलवायु कोषमा प्रत्यक्ष पहुँच स्थापित गर्न सक्नेछन् । प्रत्यक्ष पहुँचका निकायले आयोजना सञ्चालन गर्न अन्य कार्यान्वयन इकाई छनौट गर्न सक्नेछन् ।

### प्रत्यक्ष पहुँच इकाई (Direct Accesses Entity)

प्रत्यक्ष पहुँछ इकाईले राष्ट्रिय तहमा हरित जलवायु कोषसँग सम्बन्धन प्राप्त गरी जलवायुसँग सम्बन्धित योजना तथा कार्यक्रम कार्यान्वयन गर्दछ । यस अन्तर्गतका राष्ट्रिय इकाईहरू निजी, सार्वजनिक, गैर-सरकारी, राष्ट्रिय जुन तहको पनि हुन सक्दछन् । सम्बन्धन प्राप्त इकाईहरूले विविध क्रियाकलाप सञ्चालन गर्ने गर्दछन् जसमा सामान्यतया आयोजना तथा कार्यक्रमको सहयोग प्रस्तावको विकास तथा अनुगमनका कार्य समावेश हुनेछन् ।

## E

### उत्सर्जन कटौती खरिद सम्झौता (Emission Reduction Purchase Agreement)

यस उत्सर्जन न्यूनीकरण खरिद सहमति अन्तर्गत क्रेता र विक्रेताबीच कार्बन केक्रिडलाई कानुनी रूपमै बाध्यकारी गरिएको छ । सामान्यता स्वच्छ विकास संयन्त्र (CDM) आयोजना दर्ता वा क्रेडिट जारी हुनुअघि नै यो सहमतिमा हस्ताक्षर गरिन्छ ।

### उत्सर्जन व्यापार (Emission Trading)

उत्सर्जन व्यापार हरितगृह ग्याँस उत्सर्जन नियन्त्रणका लागि बजारमा आधारित अभ्यास हो । यसले प्रमाणित उत्सर्जन प्रमाणपत्र जारी गर्दै हरितगृह ग्याँस खरिद-बिक्रीमा सहजीकरण गर्ने कार्य गर्दछ ।

### सुदृढ प्रत्यक्ष पहुँच (Enhanced Direct Access)

सुदृढ प्रत्यक्ष पहुँच (EDA) संयन्त्र अन्तर्गत विकासशील राष्ट्रले राष्ट्रिय निकायमार्फत, छनौट भएका आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि हरित जलवायु कोषमा पहुँच पाउनुका साथै राष्ट्रिय तहमा आयोजना तथा कार्यक्रमको छनौट तथा स्वीकृत प्रक्रिया र निर्णय क्षमता अभिवृद्धि गर्ने अवसर पाउँछ । प्रत्यक्ष पहुँच खाका अन्तर्गत, सम्बन्धन प्राप्त राष्ट्रिय इकाईले कोषमा पहुँच स्थापित गर्ने, व्यवस्थापन गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने, इकाई छनौट गर्ने तथा कोषका बारेमा निर्णय गर्ने सक्दछ । हरित जलवायु कोषमा प्रत्यक्ष पहुँच खाका अन्तर्गत १० वटा नमुना आयोजनाका लागि २०० मिलियन अमेरिकी डलरको प्रतिबद्धता भएको छ, जसमध्ये ४ वटा नमुना आयोजना विकासोन्मुख साना टापु राष्ट्र, अतिकम विकसित राष्ट्रहरू र अफ्रिकी मुलुकमा लागू गरिनेछ ।

## इकाई (Entity)

इकाई भन्नाले आयोजना तथा कार्यक्रमका लागि हरित जलवायु कोषको वित्तीय स्रोतका लागि सम्बन्धन स्थापित गरेका संस्था वा निकाय हुन् । यस्ता संस्था वा निकाय राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्वरूपमा हुनुका साथै सार्वजनिक तथा निजी पनि हुन सक्छन् । ती इकाईले सम्बन्धन प्राप्त निकायबाट राष्ट्रिय तहका आयोजना/कार्यक्रम कार्यान्वयनको भूमिका पनि निर्वाह गरेको हुन सक्छ ।

## वातावरणीय र सामाजिक सुरक्षा (Environmental and Social Safeguards)

हरित जलवायु कोषले सहयोग गरेको कुनै पनि कार्यक्रम तथा आयोजनाले वातावरणीय तथा सामाजिक जोखिमलाई न्यूनतम बनाउनुपर्छ । कोषले सहयोग गरेको कुनै पनि आयोजना तथा कार्यक्रमबाट हुने सम्भावित हानि रोकथाम तथा न्यूनीकरण गर्न वातावरणीय तथा सामाजिक सुरक्षण (ESS) मापदण्ड अपनाउनु पर्दछ ।

हरित जलवायु कोषको वातावरणीय तथा सामाजिक सुरक्षाका आठ सम्पादन मापदण्ड (PSs) छन्, ती हुन्– १ः पहुँच र व्यवस्थापन, वातावरणीय, सामाजिक जोखिम र संस्थागत वातावरण तथा सामाजिक व्यवस्था अन्तर्गतका प्रभाव, २ः मजदुर र कार्य अवस्था, ३ः स्रोतको प्रभावकारी परिचालन तथा प्रदूषण रोकथाम, ४ः सामुदायिक स्वास्थ्य तथा सुरक्षा, ५ ः भूमि अधिग्रहण र अनैच्छिक स्थानान्तरण, ६ः जैविक विविधता तथा दिगो व्यवस्थापन व्यवस्था, ७ः आदिवासी समुदाय, ८ः सांस्कृतिक सम्पदा । कुनै पनि निकायले सम्बन्धन प्राप्त गर्न वातावरणीय तथा सामाजिक सुरक्षण क्षमता प्रदर्शन गर्न आवश्यक छ ।

## कार्यान्वयन इकाई (Executing Entity)

कार्यान्वयन इकाई हरित जलवायु कोषको लगानीमा सञ्चालित आयोजना/कार्यक्रमको कार्यान्वयनमा जिम्मेवार निकाय हो । कुनै पनि आयोजना सम्पन्न गर्नका लागि राष्ट्रमा एकभन्दा बढी यस्ता इकाई जिम्मेवार हुन सक्दछन् । यस्ता कार्यान्वयन इकाई (EE) लाई कार्यकारी इकाईले छनौट गर्ने गर्दछन् र तिनीहरूप्रति नै उत्तरदायी हुनुपर्नेछ । कार्यान्वयन इकाई (EE) र राष्ट्रिय कार्यान्वयन इकाई (NIE) एउटै संस्था पनि हुन सक्छन् ।

### निकास रणनीति (Exit Strategy)

कुनै पनि आयोजना/कार्यक्रमले आफ्नो निर्धारित लक्ष्य हासिल गरी आयोजना/कार्यक्रमको जारी क्रियाकलाप, प्रभाव तथा परिणाम हरित जलवायु कोषको हस्तक्षेप बिना आयोजना सम्पन्न गर्न लागू गरिने रणनीति हो ।

## F

### द्रुत वित्त (Fast Start Finance)

द्रुत वित्त भन्नाले जलवायुसँग सम्बन्धित समस्यालाई सम्बोधन गर्न सन् २०१०-२०१२ मा विकसित मुलुकले विकासशील मुलुकलाई प्रदान गर्न प्रतिबद्धता जनाएको ३० बिलियन अमेरिकी डलर बराबरको रकम हो । यो प्रतिबद्धता सन् २००९ मा कोपनहेगनमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको पक्ष राष्ट्रहरूको सम्मेलनको १५ औं बैठक (COP15) मा पारित गरिएको हो ।

### द्रुत मार्ग सम्बन्धन (Fast Track Accreditation)

द्रुत मार्ग सम्बन्धनमा कुनै इकाई वा इकाईहरूको समूहले हरित जलवायु कोषको वित्तीय, वातावरणीय र सामाजिक सिद्धान्त तथा मापदण्डहरू तुलनात्मक रूपमा अन्य वित्तीय, वातावरणीय र सामाजिक सिद्धान्त तथा मापदण्डहरू पूरा गरेका छन् भने स्थापित प्रक्रियाभन्दा द्रुत रूपमा हरित जलवायु कोषमा सम्बन्धन प्राप्त गर्न सक्छन् । अनुकूलन कोष (Adaptation Fund), विश्व वातावरणीय सहुलियत (Global Environment Facility) र युरोपेली युनियनको विकास तथा सहकार्य सहायता समितिलगायतका (Directorate-General Development and Cooperation-European Aid of the European Commission) सन्बन्धन प्राप्त इकाईहरूले द्रुत मार्ग सम्बन्धनका लागि आवेदन दिन सक्नेछन् ।

### वित्तीय मापदण्ड (Fiduciary Standards)

वित्तीय मापदण्ड कुनै पनि इकाईलाई हरित जलवायु कोषबाट सम्बन्धन प्राप्त गर्न महत्वपूर्ण छ । यस अन्तर्गत सम्बन्धन चाहेको कुनै पनि इकाईले कोषले निर्धारण गरेको निम्न पाँच मापदण्डहरू पालना गर्नुपर्छ :

१. आधारभूत वित्तीय तथा प्रशासनिक कार्य

२. सु-शासन

३. खरिद प्रक्रिया र व्यवस्था
४. पारदर्शिता र इमान्दारिता
५. आयोजनाको तहगत व्यवस्थापन

यसका लागि दुई प्रकारका मापदण्ड तय गरिएको छ । प्राथमिक मापदण्डमा प्रशासनिक र वित्तीय क्षमता तथा पारदर्शिता र इमान्दारिता र विशिष्टीकृत मापदण्डमा आयोजना व्यवस्थापन र अनुदान प्रदान गर्ने संयन्त्र र सापटी मिश्रित विधि समावेश भएको हुन्छ ।

## वित्तीय औजार (Financial Instruments)

वित्तीय औजार भन्नाले सम्बन्धन प्राप्त इकाईबीचको त्यो सम्झौता हो, जसमा हरित जलवायु कोषले अनुकूलन र न्यूनीकरणका आयोजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि स्रोतको परिचालन गर्ने गर्छ । हरित जलवायु कोषले अनुदान, सहुलियत ऋण, ग्यारेन्टी र सेयर लगानी गर्ने क्रममा विभिन्न वित्तीय औजार प्रयोग गर्ने गर्दछ ।

## उद्देश्यका लागि सक्षम (Fit-for-Purpose)

हरित जलवायु कोषले निर्धारण गरेको यस मापदण्ड अन्तर्गत इच्छुक निकायले प्रस्तुत गरेका आवेदनलाई सम्परीक्षण गरिन्छ । यसमा चार मुख्य मापदण्ड तोकिएका छन्ः जनादेश तथा विगतका कामको अभिलेख, वित्तीय कार्य, वातावरणीय तथा सामाजिक जोखिम तथा आयोजनाको आकार । जनादेश तथा विगतका कामको रेकर्ड अन्तर्गतको पहिलो मापदण्डले हरित जलवायु कोषले आवेदनकर्ताको उद्देश्य कोषको उद्देश्यसँग एकरूप भए-नभएको र संस्था सञ्चालनको तीन वर्षको अवधिको समीक्षा गर्ने गर्दछ । साथै, वित्तीय कार्यअन्तर्गत आधारभूत तथा विशिष्टीकृत गुणस्तरको समीक्षा गरिन्छ भने वातावरणीय तथा सामाजिक जोखिम अन्तर्गत जोखिमको अवस्था उच्च, मध्यम वा न्यून के छ त्यो पनि निर्धारण गरिन्छ । आयोजनाको आकारलाई सूक्ष्म (१० मिलियन अमेरिकी डलरभन्दा कम), साना (१० देखि ५० मिलियन अमेरिकी डलर), मध्यम (५० देखि २५० मिलियन अमेरिकी डलर), ठूला (२ सय ५० अमेरिकी डलरभन्दा बढी) का आयोजना गरी चार वर्गमा विभाजन गरिएको छ । चरणबद्ध रूपमा सम्पन्न गरिने यस प्रक्रियाले आवेदनकर्ताहरूको प्रस्तावित इकाईलाई वर्गीकृत गरी लक्षित मात्रा, प्रकृति र जोखिम निर्धारण गर्ने गर्छ ।

### केन्द्रीय निकाय (Focal Point)

केन्द्रीय निकाय भनेको सरकारले तोकेको निकाय जसले राष्ट्र र हरित जलवायु कोषसँग समन्वयकारी भूमिका निर्वाह गर्छ ।

## G

### हरित जलवायु कोष सचिवालय (GCF Secretariat)

हरित जलवायु कोष सचिवालय हरित जलवायु कोष अन्तर्गतको स्वतन्त्र निकाय हो । यसले कोषको दैनिक कार्य सञ्चालनलाई अद्यावधिक गर्ने गर्छ । यस सचिवालयको अध्यक्षता कार्यकारी निर्देशकले गर्ने गर्छन् जसलाई बोर्डले नियुक्त गरेको हुन्छ । कार्यकारी निर्देशकले आवश्यक विज्ञ कर्मचारीहरू छनौट गर्ने गर्छन् । यस सचिवालयले गर्ने क्रियाकलापहरू : कानुनी, वित्तीय र प्रशासनिक जिम्मेवारी, तहगत व्यवस्थापन र अनुगमन, स्रोत परिचालन, सञ्चार र पहुँच विस्तार हो ।

### विश्वव्यापी वातावरणीय सहुलियत (Global Environment Facility)

विश्वव्यापी वातावरणीय सहुलियत (GEF) मा संयुक्त राष्ट्रसंघीय निकाय, बहुपक्षीय विकास बैंक, राष्ट्रिय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत १८ निकायको साझेदारी हुन्छ । यी निकायले विश्वका चुनौतीपूर्ण वातावरणीय मुद्दाको सम्बोधनका लागि १ सय ८३ राष्ट्रमा कार्य गरिरहेको छ । यस निकायले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिलगायत पाँच जलवायु महासन्धिको वित्तीय संयन्त्रका रूपमा पनि काम गर्छ । विश्व बैंकले संरक्षकका रूपमा भूमिका निर्वाह गरिरहेको छ र विश्वव्यापी वातावरणीय सहुलियत (GEF) परिषद्प्रति जवाफदेही हुनेछ ।

### हरित जलवायु कोषको शासकीय औजार (Governing Instrument of GCF)

कोषको शासकीय औजार हरित जलवायु कोषको सञ्चालन र व्यवस्थापन गर्ने एउटा बडापत्र हो । सन् २०११ मा दक्षिण अफ्रिकाको डर्बनमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको समूहहरूको १७ औं बैठकले यो बडापत्र अनुमोदन गरेको हो ।

## अनुदान (Grant)

हरित जलवायु कोषले विकासशील मुलुकहरूमा जलवायु अनुकूलन र न्यूनीकरणका आयोजना र कार्यक्रम सञ्चालनका लागि प्रदान गर्ने वित्तीय सहयोगलाई अनुदान भनिन्छ, जुन अनुदान पछि कोषलाई फिर्ता गर्नुपर्ने हुँदैन । स्वीकृत नीति नियम तथा शर्तमा रहेर कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय सम्बन्धन प्राप्त निकायले यस्तो अनुदान पाउन सक्दछन् ।

## अनुदान प्रदान (Grant Award)

हरित जलवायु कोषबाट सम्बन्धन प्राप्त गरेका कुनै पनि निकायले अनुदान प्राप्त गर्न सक्दछ र सो अनुदानलाई आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने अन्य निकायलाई प्रदान गर्न सक्दछ ।

## हरित जलवायु कोष (Green Climate Fund)

हरित जलवायु कोष जलवायु परिवर्तनका क्षेत्रमा न्यून कार्बन उत्सर्जन र जलवायु समानुकूलन विकासका कार्यक्रममा लगानी गर्न सन् २०१० मा विश्वव्यापी पहलको रूपमा स्थापित भएका हो । यसको उद्देश्य पृथ्वीको बढ्दो औसत तापक्रमलाई २ डिग्री सेल्सियसमा सीमित गर्ने हो । यसले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिका सदस्य विकासशील मुलुकहरूका आयोजना, कार्यक्रम नीति तथा अन्य क्रियाकलापहरूलाई सहयोग गर्छ । यस बोर्डका २४ सदस्यमा विकसित र विकासशील राष्ट्रका समान सदस्यद्वारा सञ्चालित हुन्छ । हालसम्म यो कोषको लागि १०.३ विलियन अमेरिकी डलरको प्रतिबद्धता व्यक्त भइसकेको छ ।

## हरित गृह ग्याँस (Green House Gases)

वायुमण्डलमा हुने कार्बनडाइअक्साइड ($CO_2$), नाइट्रो अक्साइड ($N_2O$), मिथेन ($CH_4$), ओजोन ($O_3$), ले हरित गृह प्रभाव उत्पन्न गराउने तत्वलाई हरित गृह ग्याँस भनिन्छ । यसले सौर्य विकिरणलाई रोक्नुका साथै वायुमण्डलमा पृथ्वीको सतह नजिकै हुने ताप सतहलाई संकुचित पार्छ । मुख्यतः तीव्र औद्योगीकरण, जल, स्थल, हवाई वहान उत्सर्जित प्रदूषणका कारण हरित गृह ग्याँसको वृद्धि भएर पृथ्वीको तापक्रम बढिरहेको छ ।

# I

## प्रभाव क्षमता (Impact Potential)

प्रभाव क्षमताले हरित जलवायु कोषमा स्वीकृतिका लागि पेस गरिएका आयोजना तथा कार्यक्रमले कोषको उद्देश्य र परिणामका आठ क्षेत्रमा पुऱ्याउने योगदानको क्षमतालाई जनाउँछ । प्रभाव क्षमताको दुई आधारभूत संकेत निम्न छन् :

१) न्यूनीकरणका आधारभूत संकेत : प्रतिवर्ष कार्बनडाइअक्साइडको कूल टन न्यून गर्ने वा जोगाउने ।

२) अनुकूलनका आधारभूत संकेत : अपेक्षित कुल संख्या प्रत्यक्ष वा अप्रत्यक्ष लाभान्वित समूह र लाभान्वित कुल जनसंख्या (उदाहरणका लागि : जलवायु परिवर्तनमा आउने व्यवधानका कारण बचाउनुपर्ने कुल जीवन) ।

## सूचना सार्वजनिक नीति (Information Disclosure Policy)

हरित जलवायु कोषले पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्नका लागि सार्वजनिक सूचना नीति अख्तियार गरेको छ । जनविश्वास सबल बनाउन यो नीति कार्य सञ्चालनका सबै पक्षमा लागू गरिएको छ ।

## लगानीका मापदण्ड (Investment Criteria)

हरित जलवायु कोषले सम्बन्धन प्राप्त इकाईद्वारा प्रस्तावित आयोजना तथा कार्यक्रमहरूमा लगानीका लागि निश्चित मापदण्ड तय गरेको छ, जसका लागि ६ मुख्य मापदण्ड तोकिएका छन् : सम्भावित प्रभाव, संरचनागत परिवर्तनका सम्भावना, दिगो विकास सम्भावना, प्रापकको आवश्यकता, मुलुकको स्वामित्व, दक्षता र प्रभावकारिता ।

# K

## क्योटो अभिसन्धि (Kyoto Protocol)

क्योटो अभिसन्धि एउटा अन्तर्राष्ट्रिय सम्झौता हो, जसले हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्ने वाध्यकारी लक्ष्य निर्धारित गरेको छ जसमा मुख्यतः औद्योगिक मुलुक (OECD) र आर्थिक संक्रमणमा रहेका मुलुकहरू पर्दछन् । सन् १९९७ मा जापानको क्योटोमा आयोजित पक्ष राष्ट्रहरूको सम्मेलनले यो अभिसन्धि अनुमोदन गरेको थियो र सन् २००५ फेब्रुअरी १६ मा मात्रै कार्यान्वयनमा आएको थियो र यसका पक्षमा सरकारहरूबाट छुट्टै समर्थन प्रतिबद्धता पनि गराइएको थियो ।

# L

## अतिकम विकसित मुलुकका लागि कोष (Least Developed Countries Fund)

अतिकम विकसित मुलुकका आवश्यकतालाई सम्बोधन गर्न खडा गरिएको कोषले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि अन्तर्गत रहेर जलवायु कोषका रूपमा काम गर्छ । यसको आधारभूत प्राथमिकता अतिकम विकसित मुलुकका कार्यक्रमहरूलाई कार्यान्वयन गराउने हो, जस अन्तर्गत राष्ट्रिय अनुकूलन कार्यक्रम योजनाको तयारी र कार्यान्वयन गराउनु पनि हो । यसको गठन जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको सातौं महासभाले सन् २००१ मा गरेको हो । यो विश्वव्यापी वातावरणीय सहुलियत अन्तर्गत सञ्चालित छ, जुन जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको वित्तीय संयन्त्रको सञ्चालन इकाई हो ।

## अतिकम विकसित मुलुक (Least Developed Countries)

अतिकम विकसित मुलुक भन्नाले विश्वमा गरिब मुलुकका रूपमा चिनिएका, सामाजिक–आर्थिक विकास तथा मानव विकास सूचकांकले न्यून सूचकांक भएका मुलुक पर्दछन् । संयुक्त राष्ट्रसंघले यसको मापनका लागि तीन मापदण्ड निर्धारण गरेको छ : १) कुल राष्ट्रिय आम्दानी ७ सय ५० अमेरिकी डलरभन्दा कम प्रतिव्यक्ति आय भएका राष्ट्र, २) समग्र मानव सम्पत्ति सूचकांक कमजोर भएका राष्ट्र, र ३) उच्च आर्थिक जोखिम भएका राष्ट्र । जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिले अतिकम विकसित मुलुकहरूमा जलवायु परिवर्तनका मुद्दाहरूलाई विशेष जोड दिनुपर्ने निर्क्योल गरेको छ, जसलाई थप आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउनु पर्छ । हाल नेपाललगायत विश्वभरका ४८ मुलुकलाई अतिकम विकसित मुलुकका रूपमा वर्गीकरण गरिएको छ ।

## सहयोग लगानी (Leverage)

जलवायु वित्तको सन्दर्भमा सहयोग लगानी प्रयोग गरिएको हुन्छ, जसले सार्वजनिक वित्तमार्फत (उदाहरणको लागि अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट प्राप्त सहयोग) निजी लगानीकर्तालाई सोही आयोजनाको लागि लगानी गर्न प्रोत्साहन गर्दछ । यस्तो सहयोग ऋण, जोखिम ग्यारेन्टी तथा विमा र निजी लगानीका रूपमा भएका हुन सक्छन् । यसको उद्देश्य निजी क्षेत्रको सम्भावित जोखिमलाई कम गर्ने रहेको छ । यस्तो सहयोगलाई वित्तीय संस्थाहरूले सहयोग लगानी (Leverage) शब्द प्रयोग गर्ने गर्दछन् । जसले कसरी उनीहरूले आधारभूत योगदान जस्तै दाता मुलुकहरूबाट बहुपक्षीय विकास बैंकलाई उपलब्ध गराएको पैसा जुन पुँजी बजारमा आन्तरिक गुणात्मक प्रभाव पार्न सहयोग गर्दछ ।

## दीर्घकालीन वित्त (Long Term Finance)

दीर्घकालीन वित्त भन्नाले विकसित मुलुकहरूले विकासशील मुलुकहरूलाई सन् २०२० र त्यसपछि पनि प्रदान गर्ने प्रतिबद्धता जनाएको आर्थिक प्रतिबद्धताको इकाई हो । सन् २०२० सम्म विकसित मुलुकहरूले विविध स्रोतमार्फत १ सय विलियन अमेरिकी डलर परिचालन गर्ने प्रतिबद्धता गरेका छन् । ती स्रोत सार्वजनिक र निजी, द्विपक्षीय र बहुपक्षीय तथा अन्य वैकल्पिक स्रोतहरूबाट जुटाइएका हुन सक्छन् र जसले प्रभावकारी न्यूनीकरणका कार्यक्रम तथा कार्यान्वयनका पारदर्शिता अपनाउनेछन् ।

## हानी तथा नोक्सानी (Loss and damage)

जलवायु परिवर्तनका नकारात्मक असर जसलाई मानव समुदाय तथा प्राकृतिक प्रणालीले सामना वा ग्रहण गर्न नसकेको अवस्थालाई हानी तथा नोक्सानी भनिन्छ । जलवायु परिवर्तनका कारणले उत्पन्न हुने यस्ता हानी तथा नोक्सानी आर्थिक वा गैरआर्थिक दुवै हुन सक्दछन् । यस अवधारणाको इन्डोनेसियाको बालीमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको १३ औं वैठकबाट छलफल सुरू भएको हो । यसलाई सन् २०१० को क्यानकुन एडप्टेसन फ्रेमवर्कले (Cancun Adaptation Framework) अनुमोदन गरेको हो ।

## न्यून कार्बन अर्थतन्त्र (Low Carbon Economy)

न्यून कार्बन अर्थतन्त्र आर्थिक क्षेत्रको दिगो विकासको बृहत् लक्ष्यको एउटा पाटो हो । यसमा सेवा तथा वस्तुहरू एकै पटक उपलब्ध गराइन्छ र कार्बन उत्सर्जनलाई पनि उत्तिकै ध्यानमा राखिन्छ । यसले वातावरणमा कम भन्दा कम प्रभाव पारी आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको हुन्छ । नेपाल सरकारको जलवायु परिवर्तन नीति, २०११ मा न्यून कार्बन आर्थिक विकास रणनीति (Low Carbon Economic Development Strategy -LCEDS) तय गरिएको छ । यसको उद्देश्य विकासका लागि न्यून कार्बन मार्गका उपायको पहिचान गरी अधिकतम आर्थिक विकासको लक्ष्य हासिल गर्नु हो ।

## न्यून कार्बन (Low Carbon)

भूमण्डलीय तापक्रम र जलवायु परिवर्तनलाई वृद्धि गराउने हरित गृह ग्याँसको उत्पादनलाई न्यून बिन्दुमा पुऱ्याउनुलाई न्यून कार्बन वा न्यून कार्बन विकास भनिन्छ । न्यून कार्बनको अवधारणा सन् १९९२ मा ब्राजिलमा सम्पन्न जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय

प्रारूप महासन्धिमा पहिलो पटक छलफल भएको हो । हाल न्यून कार्बन विकासलाई न्यून-उत्सर्जन विकास रणनीति (LCDS) वा न्यून कार्बन विकास रणनीति (LCDS) भनिन्छ ।

## न्यूनीकरण (Mitigation)

न्यूनीकरणको अर्थ मानवीय हस्तक्षेपबाट हरित गृह ग्याँस सोस्ने स्रोतको विकास गर्नु हो । यस अन्तर्गत औद्योगिक उद्देश्यका लागि खनिज इन्धनको प्रयोग कम गर्ने, यातायात तथा विद्युत्का लागि सौर्य ऊर्जा वायु ऊर्जा अपनाउने, भवनहरूको इन्सुलेसनमा सुधार गर्ने तथा जंगलको क्षेत्र बढाएर वायुमण्डलबाट कार्बनडाइअक्साइडलाई हटाउने क्रियाकलापहरू पर्दछन् ।

## अनुगमन तथा जवाफदेहिता सम्बन्धी खाका (Monitoring and Accountability Framework)

हरित जलवायु कोषले निश्चित समयावधिमा सम्बन्धन प्राप्त इकाईका प्रदर्शन समीक्षा गर्न अनुगमन तथा जवाफदेहिता सम्बन्धी खाका विकास गरेको हो । यस खाकाका मुख्य दुई आधार छन् : १) सम्बन्धन प्राप्त इकाईले निर्धारित मापदण्ड पूरा गरे नगरेको समीक्षा गर्ने, २) हरित जलवायु कोष प्रबर्द्धित कार्यक्रमको अनुगमन र मूल्यांकन गर्ने । यसको पहिलो खाका अन्तर्गत सम्बन्धन प्राप्त इकाईले वार्षिक र अर्धवार्षिक समीक्षा गर्नुपर्ने र आवश्यकता अनुसार अन्य समीक्षाहरू गर्नुपर्ने हुन्छ । आयोजना अनुगमन तथा मूल्यांकन गर्दा सम्बन्धन प्राप्त इकाईले कोषले प्रवर्द्धन गरेका आयोजनाको वार्षिक, आन्तरिक तथा अन्तिम समीक्षा प्रस्तुत गनुपर्ने हुन्छ । सम्बन्धन प्राप्त इकाईले अनुगमन र मूल्यांकनका सबै प्रतिवेदन कोषको सचिवालयमा प्रस्तुत गर्नुपर्ने हुन्छ ।

## बुहपक्षीय कार्यान्वयन इकाई (Multilateral Implementing Entity)

यस इकाईले संयुक्त राष्ट्रसंघीय निकाय, बहुपक्षीय विकास बैंक तथा अन्य हरित जलवायु कोषबाट सम्बन्धन प्राप्त अन्तर्राष्ट्रिय संघसंस्था भन्ने बुझिन्छ । सम्बन्धन प्राप्त मुलुकहरूले आफ्नो तर्फबाट प्रस्ताव पेस गर्नका लागि यस्ता कार्यान्वयन इकाईहरूको छनौट गरेका हुन सक्दछ । यि निकाय नै कोषले प्रवर्द्धन गरेका आयोजना तथा कार्यक्रम सञ्चालन, अनुगमन तथा वित्तीय कार्यमा पूर्ण जिम्मेवार हुने गर्दछन् ।

# N

## राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan)

राष्ट्रिय अनुकूलन योजना जलवायु परिवर्तनसँग सम्बन्धित संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिका उद्देश्य अनुरूप सदस्य विकासशील राष्ट्रहरूले अल्पकालीन तथा दीर्घकालीन आवश्यकता पूर्तिका लागि तयार गर्ने गर्दछन् । यो एउटा निरन्तर चलिरहने अन्तर्क्रियात्मक प्रक्रिया हो । यसमा आवश्यकता सम्बोधन गर्न रणनीति तथा योजनाहरूको विकास तथा कार्यान्वयन समावेश गरिएको हुन्छ । नेपाल राष्ट्रिय अनुकूलन योजना निर्माण चरणमा छ ।

## राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action)

यो राष्ट्रिय अनुकूलन कार्यक्रम योजना अतिकम विकसित मुलुकले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि अन्तर्गत अंगीकार गरेका मान्यताहरूको सम्बोधन गर्न बनाएका कार्ययोजना हो । यसले तत्कालै गनुपर्ने, शीघ्र गर्नुपर्ने र जलवायु परिवर्तनका प्रतिकूल असर सम्बोधन गर्न गर्नुपर्ने कार्यहरूलाई जनाउँछ । नेपालले सन् २०१० मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिमा राष्ट्रिय अनुकूलन कार्यक्रम पेस गरेको छ ।

## राष्ट्रिय हित अनुकूलन न्यूनीकरण कार्ययोजना (Nationally Appropriate Mitigation Actions)

हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरणका विश्वव्यापी प्रयासमा लागिपर्न विकासशील राष्ट्रहरूले तय गर्ने नीति, कार्यक्रम तथा आयोजनालाई राष्ट्रिय हित अनुकूलन न्यूनीकरण कार्य योजना भनिन्छ । जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिमा आबद्ध सबै विकासशील राष्ट्रले राष्ट्रिय हित अनुकूलन न्यूनीकरण कार्ययोजना पेस गर्नुपर्ने प्रावधान छ । नेपालजस्तो अतिकम विकसित मुलुकहरूलाई कार्ययोजना अनिवार्य गरिएको छैन । यस कार्ययोजनाको अवधारणा इन्डोनेसियाको बालीमा सम्पन्न समूहहरूको १३ औं बैठकमा प्रस्तुत भएको थियो । क्यानकुन र कोपनहेगनमा बसेको बैठकले यसलाई पारित गरेको हो ।

## राष्ट्रिय निकाय (National Designated Authority)

राष्ट्रिय निकाय सरकार नियन्त्रित संस्था हो । यसले हरित जलवायु कोष र मुलुकबीच सहजीकरणको काम गर्ने गर्छ । यो निकाय हरित जलवायु कोष र मुलुकबीचको मुख्य सञ्चार केन्द्रका रूपमा रहेको हुन्छ । नेपालमा अर्थ मन्त्रालयले हरित जलवायु कोषका लागि राष्ट्रिय निकायका रूपमा काम गर्दछ । यसको भूमिका कोषले प्रवर्द्धन गरेका अनुकूलन र न्यूनीकरणका क्रियाकलाप तथा प्राथमिकताहरू राष्ट्रिय रणनीति अनुसारको भए–नभएको सुनिश्चत गर्नु हो । राष्ट्रिय कार्यान्वयन इकाई, जसले कोषसँग लगानीको अपेक्षा गरेको हुन्छ । त्यस्ता इकाईलाई आयोजनाको लागि समर्थन पत्र (No Objection Letter) प्रदान गर्नु हो ।

## राष्ट्रिय तहमा तय गरिएको योगदान (Nationally Determined Contributions)

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि अन्तर्गतका जलवायु परिवर्तन विरूद्ध लड्न, विशेषगरी हरित गृह ग्याँस उत्सर्जनमा कमी ल्याउनका लागि सबै सदस्य राष्ट्रहरूले यो शब्दावलीको प्रयोग गरेका हुन्छन् । 'पोस्ट २०२०' विश्वव्यापी उत्सर्जन न्यूनीकरण प्रतिबद्धताको लागि लक्षित राष्ट्रिय तहमा तय गरिएको योगदान मुख्य आधार हो । पेरिस सम्झौतापछि लक्षित राष्ट्रिय निर्धारिण योगदानलाई नयाँ नामकरण गरी राष्ट्रिय तहमा तय गरिएको योगदान भन्न थालियो । धेरै विकासशील मुलुकले अनुकूलन, प्रविधि र वित्तीय क्रियाकलापलाई यस राष्ट्रिय रूपमा निर्धारित योगदानमा समावेश गरेको हुन्छ । नेपालले सन् २०१६ को फेब्रुअरीमा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिमा राष्ट्रियरूपमा निर्धारित योगदान पेस गरिसकेको छ, जसमा अनुकूलन र न्यून कार्बन विकास योजनालाई उल्लेख गरिएको छ । नेपालको राष्ट्रियरूपमा निर्धारित योगदानमा सन् २०५० सम्ममा नेपालका पुर्नविकरणीय ऊर्जाको मागलाई बढाउँदै ८० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ ।

## राष्ट्रिय कार्यान्वयन इकाई (National Implementing Entity)

राष्ट्रिय कार्यान्वयन इकाई हरित जलवायु कोषबाट सम्बन्धन प्राप्त गरेको सार्वजनिक वा निजी इकाई हो । त्यस्ता निकायले सम्बन्धन प्राप्त गरिसकेपछि हरित जलवायु कोषसँग आर्थिक स्रोतको लागि पहुँच विस्तार गर्न सक्दछन् । नेपालका दुई निकायः वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा राष्ट्रिय प्रकृति संरक्षण कोषले हरित जलवायु कोषबाट राष्ट्रिय कार्यान्वयन इकाईको सम्बन्धन प्राप्त गर्ने प्रारम्भिक चरणमा छन् ।

## सिफरिस पत्र (Nomination Letter)

सिफारिस पत्र भन्नाले राष्ट्रिय निकाय (एनडिए) वा हरित जलवायु कोषको सम्बन्धन प्राप्त गर्ने इच्छा राखेका निकायलाई दिइने पत्र हो । सम्बन्धनका लागि इच्छुक इकाईहरूले आवेदनसँगै यस्तो सिफरिस पत्र पनि प्रस्तुत गर्नुपर्छ ।

## नो अब्जेक्सन लेटर (No Objection Letter)

नो अब्जेक्सन लेटरले सम्बन्धन प्राप्त कुनै निकायलाई आयोजना र कार्यक्रमका सम्बन्धमा लगानीको कुनै बाधा वा समस्या नभएको जनाउँदै राष्ट्रिय निकायबाट हरित जलवायु कोषमा सिफरिस गरिने पत्र हो ।

# O

## कार्यालय विकास सहयोग (Official Development Assistance)

यस कार्यालय विकास सहयोगले विकासशील मुलुकहरूलाई प्रदान गरिने वित्तीय सहयोगलाई जनाउँछ । यस अन्तर्गत बहुपक्षीय संस्थाहरूका आधिकारिक निकाय, राष्ट्रिय निकाय र स्थानीय सरकार, विकसित मुलुकले जलवायु परिवर्तनका आयोजना तथा कार्यक्रमलाई प्रवर्द्धन गर्न गरिने आर्थिक विकास तथा कल्याणका क्रियाकलाप पर्दछन् । सन् १९७० मा विकसित मुलुकहरूले आफ्नो कुल राष्ट्रिय आयको ०.७ प्रतिशत कार्यालय विकास सहयोगका रूपमा विकासोन्मुख मुलुकलाई उपलब्ध गराउने सहमति भएको थियो । सामान्यता यस कार्यालय विकास सहयोगलाई वैदेशिक सहयोगका रूपमा पनि बुझ्ने गरिन्छ ।

## सापटी (On-lending)

सम्बन्धन प्राप्त निकायले हरित जलवायु कोषबाट प्राप्त आर्थिक सहयोगलाई अन्य कार्यकारी इकाईका रूपमा छनौट भएका आयोजना तथा कार्यक्रम कार्यान्वयका लागि प्रदान गर्न सक्छ । यसले पुँजी उपलब्ध गराउने वा अन्य दायित्वमा ग्यारेन्टी गराउने पनि गर्दछ ।

## अनलाइन सम्बन्धन प्रक्रिया (Online Accreditation System)

हरित जलवायु कोषसँग सम्बन्ध प्राप्त गर्नको लागि तयार पारिएको अनलाइन सम्बन्धन प्रक्रिया एउटा सुरक्षित र भरपर्दो प्रक्रियो हो, जसबाट इच्छुक संस्था, निकायले हरित जलवायु कोषसँग सम्बन्धनको प्रक्रिया थालनी गर्न सक्नेछन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा उप-क्षेत्रीय सबै निकायले कोषसँग सम्बन्धनका लागि आवेदन दिन सक्नेछन् ।

# P

## संरचनागत परिवर्तन सम्भावना (Paradigm Shift Potential)

संरचनागत परिवर्तन सम्भावना भन्नाले हरित जलवायु कोषमा पेस गरिएको आयोजना वा कार्यक्रमको अन्तर्गत प्रस्तावित क्रियाकलापले ल्याउने अन्य प्रभावलाई जनाउँछ । हरित जलवायु कोषको लागि आयोजना/कार्यक्रम प्रस्ताव प्रस्तुत गर्दा पछ्याउने प्रमुख लगानी मापदण्ड वा प्रक्रिया हो । यो निम्न उप मापदण्डद्वारा परिभाषित गरिएको छ :

१) सिर्जनशीलता

२) अनुकूलन र न्यूनीकरणका लागि गति दिने र स्थानान्तरण गर्ने उपाय

३) ज्ञान र सिकाइका सम्भाव्यता

४) सुदृढ वातावरण सिर्जनामा योगदान

५) अनुगमनकारी खाका र नीतिमा योगदान

## पेरिस सम्झौता (Paris Agreement)

अन्तर्राष्ट्रिय स्तरको पेरिस सम्झौता पक्ष राष्ट्रहरूको सम्मेलनले सन् २०१५ नोभेम्वरमा फ्रान्सको राजधानी पेरिसमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिमा पारित भएको थियो । यस सम्झौताको उद्देश्य, जलवायु परिवर्तनका जोखिमलाई सम्बोधन गर्ने विश्वव्यापी प्रयासलाई सबल गर्नु हो, जसका लागि विश्व तापक्रम वृद्धि पूर्व–औधोगिक तहभन्दा २ डिग्री सेल्सियस भन्दा निकै तल कायम राख्नुका साथै तापक्रम वृद्धि अझ कम गरी १.५ डिग्री सेल्सियसमा सीमित पार्नु हो । सन् २०१६ नोभेम्वर ४ देखि पेरिस सम्झौता कार्यान्वयनमा आएको हो । नेपालले पनि पेरिस सम्झौतामा सहमति जनाएको छ ।

## कार्यसम्पादन मूल्यांकन खाका (Performance Measurement Framework)

हरित जलवायु कोष र यसका इकाईले कार्यसम्पादन, मूल्यांकन, खाका प्रयोग गरेर आयोजना तथा कार्यक्रमको कार्यसम्पादन मूल्यांकन गर्ने गर्दछन् । यसमा अनुकूलन र न्यूनीकरणका निर्धारित सूचकहरू समावेश भएका हुन्छन् । कोषले निर्धारण गरेका यिनै मापदण्ड आधारमा परिणामप्रतिको विकास, प्रभाव तथा प्रभावकारितालाई मापन गर्ने गरिन्छ ।

## आयोजना तयारी सुविधा (Project Preparation Facility)

हरित जलवायु कोषले सम्बन्धन प्राप्त इकाईहरूलाई विशेषगरी प्रत्यक्ष पहुँच र सूक्ष्मदेखि साना आयोजनाहरूलाई अनुदानका रूपमा उपलब्ध गराउने आर्थिक सहयोगलाई आयोजना तयारी सुविधा भनिन्छ । हरित जलवायु कोषलाई उपलब्ध गराएको अवधारणा पत्रका आधारमा आयोजना सम्भावना प्रवल भएको खण्डमा पूर्ण लगानीका लागि सम्बन्धन प्राप्त निकायले आयोजना तयारी सुविधा अन्तर्गत हरित जलवायु कोषमा आयोजना तयारीको लागि सहयोग गर्न अनुरोध गर्न सक्दछ । हरित जलवायु कोष तयारी कार्यक्रम आयोजना तयारी सुविधा अन्तर्गत उपलब्ध छ ।

## निजी क्षेत्र परामर्श समूह (Private Sector Advisory Group)

निजी क्षेत्र परामर्श समूह हरित जलवायु कोषको बोर्ड अन्तर्गत गठित भएको हो । यस समूहको उद्देश्य बोर्डलाई स्रोत परिचालनको मात्रा तथा कार्य सञ्चालनबारे स्थानीय निजी इकाईहरू बारे परामर्श तथा सुझाव पेस गर्नु हो । यस्ता निजी तथा स्थानीय इकाई साना तथा मझौला जुनै पनि हुन सक्छन् ।

## निजी क्षेत्र सुविधा (Private Sector Facility)

यस निजी क्षेत्र सुविधा अन्तर्गत हरित जलवायु कोषले प्रत्यक्ष रूपमा अनुदान, सहुलियत ऋण, जोखिम ग्यारेन्टीलगायतका वित्तीय सुविधा (जस्तै ग्रीन बोन्ड, पुर्नलगानी दायित्व सीमा, पुँजी लागत) उपलब्ध गराउँछ । हरित जलवायु कोष अन्तर्गतको यस निकायले सम्बन्धन प्राप्त इकाईलाई जलवायु क्रियाकलापका विविध पक्षमा निजी क्षेत्रको भूमिका अभिवृद्धि तथा लगानी गर्न अभिप्रेरित गर्दछ ।

## निजी तथा सार्वजनिक साझेदारी (Public and Private Partnership)

निजी तथा सार्वजनिक साझेदारीले एउटा यस्तो करारको सम्बन्धलाई जनाउँछ जसमा सार्वजनिक र निजी क्षेत्रले लगानी, प्रारूप, निर्माण तथा कार्यान्वयनमा सहजीकरण गर्दै सडक, विद्यालय, अस्पताल लगायतका योजना निर्माण गरिरहेका हुन्छन् । जलवायु सम्बन्धी ऊर्जा पूर्वाधार निर्माणमा पनि निजी तथा सार्वजनिक प्रारूपमा कार्य गर्नका लागि व्यापक प्रयास थालिएको छ ।

# R

## रेड, रेडप्लस (REDD, REDD+)

यो रेड (Reducing Emissions from Deforestation and Forest Degradation -REDD+) कार्यक्रम उत्सर्जन न्यूनीकरणका क्रियाकलापहरू मध्य वन विनास, वन संरक्षणलगायतका कार्यक्रममा केन्द्रित छ । यस कार्यक्रम मार्फत् वन क्षेत्रका कार्यक्रमको उचित व्यवस्थापन गरेर संरक्षणका दिगो उपाय गरिन्छ । यो रेड कार्यक्रम इन्डोनेसियाको बालीमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि समूहहरूको १३ औं बैठकले अनुमोदन गरेको हो ।

## क्षेत्रीय कार्यान्वयन निकाय (Regional Implementing Entity)

क्षेत्रीय कार्यान्वयन निकाय हरित जलवायु कोषबाट सम्बन्धन प्राप्त क्षेत्रीय इकाई हो । यसले जलवायु परिवर्तनका आयोजना तथा कार्यक्रमको कार्यान्वय गर्न हरित जलवायु कोषबाट सहयोग प्राप्त गर्दछ । यी इकाई अन्तर्गत हरित जलवायु कोषबाट सम्बन्धन प्राप्त प्रशान्त क्षेत्रीय वातावरणीय कार्यक्रमको सचिवालय (Pacific Regional Environmental Programme) तथा कार्बिबियन समुदाय जलवायु परिवर्तन केन्द्र (Caribbean Community Climate Change Centre) जस्ता इकाई पर्दछन् ।

## परिणाम व्यवस्थापन खाका (Result Management Framework)

हरित जलवायु कोषले अंगिकार गरेको यस पद्धतिले उपलब्धिको प्रभावकारी अनुगमन तथा मूल्यांकन, लगानी र तहगत व्यवस्थापन, कोषको संगठनात्मक प्रभावकारिता र सञ्चालन प्रभावकारितालाई समीक्षा गर्ने गर्दछ । यसका लागि अनुकूलन र न्यूनीकरणका दुई भिन्न प्रारूपहरू लागू गरिएका छन् । प्रत्येक प्रारूपले कोषको सहयोगमा सञ्चालन भएका आयोजना तथा कार्यक्रमले तोकेको समयमा लक्ष्य हासिल गर्दै संरचनागत परिवर्तन र रणनीतिक परिवर्तन हासिल गर्छन् भन्ने स्पष्ट पार्दछ ।

# S

## सचिवालय (Secretariat)

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि, क्योटो अभिसन्धि तथा पेरिस सम्झौतालाई जलवायु परिवर्तन सचिवालयले सहजीकरण गर्ने गर्दछ । यो सचिवालयको गठन महासन्धिको आठौं धारा अनुसार भएको हो । जर्मनीको बोनमा अवस्थित सचिवालयको मुख्य जिम्मेवारी समूहहरूको बैठकको लागि दस्तावेज तयार

पार्नुका साथै अनुसूची १ का समूहका राष्ट्रिय सञ्चारको विस्तृत समीक्षा र हरित गृह ग्याँस इन्भेन्ट्री (Greenhouse Gas Inventory) सूची निर्माणमा सहकार्य गर्नु हो ।

### विकासोन्मुख साना टापु राष्ट्रहरू (Small Island Developing States)

विकासोन्मुख साना टापु राष्ट्र भन्नाले विशेष सामाजिक, आर्थिक तथा वातावरणीय जोखिमको अवस्था सामना गर्ने क्रममा जनसंख्या, सीमित स्रोत, प्राकृतिक विपत्तिको आशंका, अन्तर्राष्ट्रिय व्यापारमा अति परनिर्भरता र कमजोर वातावरणको सामना गरिरहेका राष्ट्रलाई जनाउँछ । यस्ता विकासोन्मुख साना टापु राष्ट्र हरित जलवायु कोषमार्फत ऊर्जा उत्सर्जनलाई कम गर्ने र जलवायु समानुकूलनका कार्यक्रममा लगानी प्राप्त गर्न सक्दछन् । कोषले विकासोन्मुख साना टापु राष्ट्रलाई लागत प्रभावकारी अनुकूलनका उपाय अपनाउँदै जलवायु परिवर्तनका प्रभावलाई स्थिर राख्न मद्दत गर्दछ ।

### जलवायु परिवर्तन सम्बन्धी विशेष कोष (Special Climate Change Fund)

सन् २००१ मा भएको समूहहरूको बैठकले जलवायु परिवर्तन सम्बन्धी विशेष कोषको गठन गरेको हो । यस कोषले प्रविधि स्थानान्तरण र क्षमता अभिवृद्धि, ऊर्जा, यातायात, उद्योग, कृषि, वन तथा फोहोर व्यवस्थापन र आर्थिक विविधीकरण लगायतका क्षेत्रमा सहयोग गर्ने लक्ष्य राखेको छ । विकासशील मुलुकहरूमा सम्मेलन लगायतको काम गर्नका लागि यस कोषले अन्य कोषसँग सहकार्य गर्नेछ । यस कोषको सञ्चालनका लागि विश्व वातावरणीय सहुलियतलाई अधिकार सुम्पिएको छ ।

## T

### रूपान्तरित परिवर्तन (Transformative Change)

परिवर्तनका मात्रा बृहत् स्तरमा हुनुलाई रूपान्तरित परिवर्तन भनिन्छ । यस प्रकारका परिवर्तनले थ्रेसहोल्ड (Threshold) पार गर्दछन् र नयाँ नीति, उपायहरू, संस्थागत निर्माण र गतिविधिहरू जम्मा गरेर प्रणालीमा असमानता सिर्जना गर्दछ । रूपान्तरित परिवर्तन चलिरहेको निर्णय गर्ने प्रक्रियाको एक भाग हो, जसले अनुकूलन र न्यूनीकरणका कार्यहरू सुधार गर्न मद्दत गर्दछ । उदाहरणको लागि उच्च मूल्यको जीवाश्म इन्धन (Fossil Fuel) ऊर्जा पूर्वाधार हटाई सौर्य ऊर्जा, जलविद्युत र हावा जस्ता नवीकरणीय ऊर्जामा बदल्नु हो । हरित जलवायु कोषले "रूपान्तरित परिवर्तन" सट्टा संरचनागत परिवर्तनलाई

प्रयोग गर्ने गरेको छ, जसले मुलुकहरूको न्यून उत्सर्जन र जलवायु समानुकूलन दिगो विकासलाई जनाउँछ । यद्यपि, दुवै शब्दावली जलवायु परिवर्तनका छलफलका क्रममा प्रयोग भइरहेको हुन्छ ।

# U

## जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि (United Nations Framework Convention on Climate Change)

जलवायु परिवर्तनका समस्यासँग जुध्न विश्वव्यापी सहयोग जुटाउने काम जलवायु परिवर्तनका लागि संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिले गर्दछ । यसको उद्देश्य वायुमण्डलमा हरितगृह ग्याँस उत्सर्जनलाई स्थिर पारी जलवायु प्रणालीमा हुने हानिकारक एन्थ्रोपोजेनिक प्रभावलाई रोक्नु हो । यसले अनुकूलन र न्यूनीकरण दुवै उपायहरू अवलम्बन गर्ने गर्दछ । हाल यसमा १ सय ९७ सदस्य राष्ट्र छन् जुन सन् १९९२ को पृथ्वी सम्मेलनमा यस महासन्धिलाई अनुमोदन गरिएको थियो ।

# V

## मान्यता (Validation)

हरित जलवायु कोषको सम्बन्धन प्राप्त गर्ने चरणको अन्तिम प्रक्रिया मान्यता हो । यस चरणमा हरित जलवायु कोषले, इकाईले प्रस्तुत गरेको भुक्तानी निर्देशनलाई मान्यता प्रदान गर्छ । यसले कुनै पनि आयोजना तथा कार्यक्रमको प्रभावकारी भुक्तानीलाई सुनिश्चित गर्दछ ।

# Reference

Abeysingle C, A., Craft, B., Fry, I., Jarju P. and Freitas. 2013. Climate Clavis: A glossary of terms used in climate change negations. IIED.

Acclimatise. 2015. The Green Climate Fund: The Essentials. Briefing Note. The Indian Ocean Commission, 3 July 2015. http://www.acclimatise.uk.com/login/uploaded/resources/IOC-ISLANDS%20-%20Climate%20Finance%20-%20Brief%20 Note%20-%20Final%20-%2014072015.pdf

Baral, P. and Chetteri, R. 2016. Accessing the Green Climate Fund: A Primer for Climate Finance Stakeholders of Nepal. Prakriti Resources Centre. Kathmandu.

Climate tagger. Climate Compatible Development Thesaurus. http://www.climatetagger.net/glossary/

Carbon Tax. What's a carbon tax? (www.carbontax.org/what's-a-carbon-tax)

Dr. Mitchell. T and Maxwell. S. 2010. Defining Climate Compatible Development. CDKN Policy Brief. https://cdkn.org/wp-content/uploads/2012/10/CDKN-CCD-Planning_english.pdf

Fayolle V., Odianose S. and Soanes M. (2017), GCF Project Toolkit 2017. Guide to develop a Project proposal for the Green Climate Fund (GCF). Acclimatise, London. https://www.acclimatise. uk.com/login/uploaded/resources/GCF%20project%20 Toolkit_20.01.2017_For%20Publication.pdf

GCF. 2016. Annex XXVI: Template accreditation master agreement. GCF/B.12/32, Page 145. Green Climate Fund. Songdo, Republic of Korea. https://www.greenclimate. fund/documents/20182/319135/Accreditation_Master_ Agreement_Template.pdf/8c4f6cbf-ae17-4856-81c1-64ac8fbfa506

GCF. Annex XXIX: Information Disclosure Policy. GCF/B.12/32. Green Climate Fund. Songdo, Republic of Korea. https://www.greenclimate.fund/documents/20182/319135/GCF_ Information_Disclosure_Policy.pdf/3f725d99-85e9-4d1d-aa9c-

2f7ad539e4e6

GCF. 2015. Concept Note User's Guide. Green Climate Fund. Songdo, Republic of Korea. http://www.doe.ir/Portal/file/?676546/GCF_Concept_Note_User_s_Guide.pdf

GCF. 2015. Decision-making Procedure for the Board in the Absence of Conesus. GCF/B.10/11. Green Climate Fund. Songdo, Republic of Korea. https://www.greenclimate.fund/documents/20182/24952/GCF_B.10_11_-_Decision-making_Procedures_for_the_Board_in_the_Absence_of_Consensus.pdf/579fee8b-2000-4258-bd62-f2bacbc49344

GCF. 2016. GCF Dispatch: A roundup of news from the Green Climate Fund. Green Climate Fund. Songdo, Republic of Korea. http://www.greenclimate.fund/-/gcf-dispatch-may-2016

GCF. 2015. Engaging with the Green Climate Fund: A resource guide for national designated authorities and focal points of recipient countries. Green Climate Fund. Songdo, Republic of Korea.

GCF. 2014. Financial Terms and Conditions of Grants and Concessional Loans. GCF/B.06/16. Meeting of the Board. Agenda item 16. Green Climate Fund. Bali. Indonesia. https://www.greenclimate.fund/documents/20182/24940/GCF_B.06_16_-Financial_Terms_and_Conditions_of_Grants_and_Concessional_Loans.pdf/9a5584c0-a1e4-42da-8ce3-2424a725b6ab

GCF. 2015.Initial Monitoring and Accountability framework for accredited entities. Decision B.11/10.Green Climate Fund. Songdo, Republic of Korea. https://www.greenclimate.fund/documents/20182/76153/DECISION_B.11_10_-Initial_monitoring_and_accountability_framework_for_accredited_entities.pdf/b06dddfc-2d18-4675-9d2f-d3e81de6ba99

GCF. 2013. Initial Structure and Staffing of the Secretariat. GCF/B.05/10. Meeting of the Board, Agenda item 6 (a). Green Climate Fund. Paris, France. https://www.greenclimate.

fund/documents/20182/24937/GCF_B.05_10_-Initial_Structure_and_Staffing_of_the_Secretariat.pdf/658ac4b2-74ba-496c-a204-b26beec63beb

GCF. 2015. Legal and Formal Arrangements with Accredited Entities. GCF/B.09/03 Meeting of the Board. Agenda item 14. Green Climate Fund. Songdo, Republic of Korea. https://www.greenclimate.fund/documents/20182/24949/GCF_B.09_03_-Legal_and_Formal_Arrangements_with_Accredited_Entities.pdf/b7906aaf-5b20-41ec-8d28-30fa6bc863ed

GCF. Project Preparation Facility Guidelines. Green Climate Fund. Songodo, Republic of Korea. https://www.greenclimate.fund/documents/20182/574766/Guidelines__Project_Preparation_Facility_Guidelines.pdf/f8b62701-a9ca-4b1e-9e23-e67f1b88abd4

GCF. Readiness Programme. What is Climate Finance Readiness? http://www.gcfreadinessprogramme.org/what-climate-finance-readiness

Lohani. S and Baral. B. 2011. Conceptual Framework of Low Carbon Strategy. Department of Mechanical Engineering, Kathmandu University, Kathmandu. http://file.scirp.org/pdf/LCE20110400001_35097714.pdf

Prakriti Resources Centre. 2015. Climate Finance Options for Nepal. Prakriti Resources Centre and Oxfam. Kathmandu.

Rai, N., Kaur, N. Greene, S.Wang, B. and Steele, P. February 2015. Topic Guide: A guide to National Governance of climate finance. Evidence on Demand. London.

Reyes, O. December 2012. A Glossary of Climate Finance Terms. IPS. http://climatemarkets.org/wp-content/uploads/2013/01/IPS-ClimateGlossary.pdf

Venugopal, S. and Srivastava, A.2 012. Glossary of financing instruments. World Resources Institute. https://www.wri.org/sites/default/files/pdf/glossary_of_financing_instruments.pdf

# Index

## A

पहुँच प्रक्रिया Access modality ३
सम्बन्धन Accreditation ३
सम्बन्धन सम्झौता Accreditation Master Agreement ३
सम्बन्धन समिति Accreditation Panel ३
सम्बन्धन प्राप्त इकाई Accredited Entity ४
अनुकूलन Adaptation ४
अनुकूलन कोष Adaptation Fund ४
अनुकूलन कोष बोड Adaptation Fund Board ४
परिच्छेद १ समूह Annex I Parties ५
परिच्छेद २ समूह Annex II Parties ५

## B

सम्मिश्रण Blending ५

## C

कार्बन वित्त Carbon Finance ५
कार्बन कर Carbon Tax ६
उत्सर्जन प्रमाणीकरण पत्र Certified Emission Reduction ६
स्वच्छ विकास संयन्त्र Clean Development Mechanism ६
जलवायु परिवर्तन Climate Change ६
जलवायु परिवर्तन बजेट कोड Climate Change Budget Code ६
जलवायु परिवर्तन परिषद् Climate Change Council ७
जलवायु परिवर्तन व्यवस्थापन महाशाखा Climate Change Management Division ७
जलवायु परिवर्तन नीति Climate Change Policy ७
जलवायु वित्त Climate Finance ८
जलवायु परिवर्तन प्राविधिक समिति Climate Finance Technical Committee ८
जलवायु कोष Climate Funds ८
जलवायु लगानी कोष Climate Investment Funds ८
जलवायु सार्वजनिक खर्च तथा संस्थागत समीक्षा Climate Public Expenditure and Institutional Review ९

जलवायु प्रविधि कोष Climate Technology Fund ९
सह–लगानी संयन्त्र Co-Financing Mechanism ९
अवधारण पत्र Concept Note ९
सहुलियत ऋण Concessional Loan १०
शर्त Conditionality १०
पक्ष राष्ट्रहरूको सम्मलेन Conference of Parties १०
क्योटो अभिसन्धिका पक्षराष्ट्र समूहहरूको बैठक Conference of Parties Serving as the Meeting of Parties to the Kyoto Protocol ११
कोपनहेगन सहमति Copenhagen Accord ११
**D**
निर्णय प्रक्रिया Decision-making ११
प्रत्यक्ष पहुँच Direct Access ११
प्रत्यक्ष पहुँच इकाई Direct Access Entity १२
**E**
उत्सर्जन कटौती खरिद सम्झौता Emission Reduction Purchase Agreement १२
उत्सर्जन व्यापार Emission Trading १२
सुदृढ प्रत्यक्ष पहुँच Enhanced Direct Access १२
इकाई Entity १३
वातावरणीय र सामाजिक सुरक्षा Environmental and Social Safeguards १३
कार्यान्वयन इकाई Executing Entity १३
निकास रणनीति Exit Strategy १४
**F**
द्रुत वित्त Fast Start Finance १४
द्रुत मार्ग सम्बन्धन Fast Track Accreditation १४
वित्तीय मापदण्ड Fiduciary Standards १४
वित्तीय औजार Financial Instruments १५
उद्देश्यका लागि सक्षम Fit-for-Purpose १५
केन्द्रीय निकाय Focal Point १६
**G**
हरित जलवायु कोष सचिवालय GCF Secretariat १६
विश्वव्यापी वातावरणीय सहुलियत Global Environment Facility १६
हरित जलवायु कोषको शासकीय औजार Governing Instrument of GCF १६

अनुदान Grant १७
अनुदान प्रदान Grant Award १७
हरित जलवायु कोष Green Climate Fund १७
हरित गृह ग्याँस Green House Gases (GHGs) १७
**I**
प्रभाव क्षमता Impact Potential १८
सूचना सार्वजनिक नीति Information Disclosure Policy १८
लगानीका मापदण्ड Investment Criteria १८
**K**
क्योटो अभिसन्धि Kyoto Protocol १८
**L**
अतिकम विकसित मुलुकका लागि कोष Least Developed Countries १९
अतिकम विकसित मुलुक Least Developed Countries Fund १९
सहयोग लगानी Leverage १९
दीर्घकालीन वित्त Long Term Finance २०
हानी तथा नोक्सानी Loss and damage २०
न्यून कार्बन Low Carbon २०
न्यून कार्बन अर्थतन्त्र Low Carbon Economy २१
**M**
न्यूनीकरण Mitigation २१
अनुगमन तथा जवाफदेहिता सम्बन्धी खाका Monitoring and Accountability Framework २१
बुहपक्षीय कार्यान्वयन इकाई Multilateral Implementing Entity २१
**N**
राष्ट्रिय अनुकूलन योजना National Adaptation Plan २२
राष्ट्रिय अनुकूलन कार्यक्रम National Adaptation Programme of Action २२
National Designated Authority (NDA) २२
राष्ट्रिय कार्यान्वयन इकाई National Implementing Entity २३
राष्ट्रिय हित अनुकूलन न्यूनीकरण कार्ययोजना Nationally Appropriate Mitigation Actions २३
राष्ट्रिय तहमा तय गरिएको योगदान Nationally Determined Contributions २३
नो अब्जेक्सन लेटर No Objection Letter २४

सिफरिस पत्र Nomination Letter २४

**O**

कार्यालय विकास सहयोग Official Development Assistance २४

सापटी On-lending २४

अनलाइन सम्बन्धन प्रक्रिया Online Accreditation System २४

**P**

संरचनागत परिवर्तन सम्भावना Paradigm Shift Potential २५

पेरिस सम्झौता Paris Agreement २५

कार्यसम्पादन मूल्यांकन खाका Performance Measurement Framework २५

निजी क्षेत्र परामर्श समूह Private Sector Advisory Group २६

निजी क्षेत्र सुविधा Private Sector Facility २६

आयोजना तयारी सुविधा Project Preparation Facility २६

निजी तथा सार्वजनिक साझेदारी Public and Private Partnership २६

**R**

रेड, रेडप्लस Reducing Emissions from Deforestation and Forest Degradation २७

क्षेत्रीय कार्यान्वयन निकाय Regional Implementing Entity २७

परिणाम व्यवस्थापन खाका Result Management Framework २७

**S**

सचिवालय Secretariat २७

विकासोन्मुख साना टापु राष्ट्रहरू Small Island Developing States २८

जलवायु परिवर्तन सम्बन्धी विशेष कोष Special Climate Change Fund २८

**T**

रूपान्तरित परिवर्तन Transformative Change २८

**U**

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि United Nations Framework Convention on Climate Change २९

**V**

मान्यता Validation २९

*विस्तृत जानकारीका लागि*


नेपाल सरकार
अर्थ मन्त्रालय
अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा
सिंहदरबार, काठमाडौं, नेपाल
फोन : ९७७-१-४२११८०९, फ्याक्स: ९७७-१-४२१११६५
इमेल: infogcf@mof.gov.np
वेबसाइट: www.mof.gov.np/ieccd/